

पुतलीबजार राजपत्र

पुतलीबजार नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या १ मितिः २०७६/०८/०६


भाग-२

पुतलीबजार नगरपालिका, स्याङ्जा
फोहर मैला व्यवस्थापनकार्यविधि, २०७६

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

"समृद्ध पुतलीबजार सुखी नगरवासी"



"पुतलीबजार नगरवासीहरुको रहर
सभ्य, सफा, स्वच्छ, हराभरा, सुन्तलाको शहर"

पुतलीबजार नगरपालिका, स्याङ्जा

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

फोहर मैला व्यवस्थापन कार्यविधि, २०७६

फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६

पुतलीबजार नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०७६।०८।०६

प्रस्तावनाः

सामुहिक प्रयासमा सरसफाई केन्द्रको सस्थागत विकास गरी नगरपालिकामा ,फोहोर मैला व्यवस्थापन सम्वन्धि व्यवस्था गरी फोहोर मैलाको न्यूनीकरण ,पुन : प्रयोग तथा पुन चक्रिय प्रयोग एंव उपयोग गरी वातावरण प्रदुषण न्यूनीकरणमा टेवा पु-याउन वाञ्छनिय भएकोले नेपालको संविधानको अनुसुचि -८ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११झ (६ र ७) ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाले यो फोहोर मैला व्यवस्थापन कार्यविधि बनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार दफा ११ (झ) को आधारभूत स्वास्थ्य र सरसफाई को (६) मा सरसफाई सम्वन्धी सचेतनाको अभिवृद्धि र औषधीजन्य फोहोरमैलाको व्यवस्थापन, (७) मा स्वास्थ्यजन्य फोहोरमैला सङकलन, पुन, उपयोग, प्रशोधन, विसर्जन, र सोको सेवा शुल्क निर्धारण र नियमन, तथा (१०) मा सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापन, निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी आदि व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ ।

परिच्छेद-१
परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि पुतलीबजार नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'संविधान' भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(ख) 'स्थानीय तह' भन्नाले नेपालको सविधानको धारा ५६ को उपधारा ४ बमोजिमको नगरपालिका सम्झनु पर्दछ ।

(ग) 'कार्यपालिका' भन्नाले पुतलीवजार नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

(घ) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ङ) 'प्रमुख' भन्नाले पुतलीबजार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(च) 'उपप्रमुख' भन्नाले पुतलीबजार नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) 'प्रमुख प्रशासकिय अधिकृत' भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकिय अधिकृतका रुपमा कामकाज गर्ने गरी खटाएको अधिकृत सम्झनु पर्दछ ।

(ज) नगरपालिका' भन्नाले पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ।

(झ) 'कार्यविधि' भन्नाले फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ ।

(ञ) 'फोहोरमैला' भन्नाले घरेलु फोहोरमैला, औद्योगीक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने वा फालिएका सडे गलेका वा वातावरण प्रदुषण गराउने खालका बस्तु समेत लाई जनाउँदछ ।

(ट) 'संकलन' भन्नाले घर घर बाट निस्कने फोहोरलाई सरसफाई केन्द्रमा लैजानका लागि जम्मा गरिने कार्यलाई सम्झनु पर्दछ ।

(ठ) 'निष्काशन' भन्नाले फोहोरमैला उत्पादन स्थलबाट

(ड) फोहोर व्यवस्थापनका लागी तोकेको स्थानमा लैजाने कार्यलाई सम्झनु पर्दछ

(ढ) 'वडा समिति' भन्नाले पुतलीबजार नगरपालिकाका सबै वडा समितिलाई सम्झनु पर्दछ ।

(ण) 'समिति' भन्नाले वन वातावरण तथा सरसफाइ र विपद् व्यवस्थापन एवम् फोहोर मैला व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(त) 'सामुदायिक संस्था' भन्नाले नाफाको भावना नराखी समुदायको हितका लागि कार्य गर्नका लागी प्रचलित कानून बमोजिम दर्ता भएका टोल विकास संस्था उपभोक्ता समिति र अन्य गैर सरकारी संस्थालाई सम्झनु पर्दछ ।

(त) सरसफाई केन्द्र भन्नाले नगरसभा वा नगरकार्यपालिका बाट छनोट गरिएको तथा तोकिदिएको फोहोर सकंलन ,प्रशोधन ,बिक्री एवं उत्सर्जन तथा विसर्जन गर्ने उपयुक्त स्थल भन्ने सम्झनुपर्छ ।

(थ) उत्सर्जन भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा बातावरणमा हरित गृहग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निस्कासन गर्ने कार्य सम्झनु पर्छ साथै फोहोर मैला व्यवस्थापनका सम्बन्धमा निस्केको फोहोरको डंगुर निकास गर्ने वा तह लगाउने कार्य समेतलाई उत्सर्जन मानिने छ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

(द) जोखिम पुर्ण फोहोर भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानवमा वा अन्य प्राणीको स्वास्थमा हानी नोक्सानी पु-याउने विभिन्न रुपमा विकसित वस्तु ,पदार्थ तथा विकिरण समेतलाई सम्झनुपर्छ ।

(ध) प्रदुषण भन्नाले फोहोर मैला ,रसायन, ध्वनी वा विद्युतिय चुम्वकीय तरङ्गका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन नगरी वातावरणमा लाभदायिक उपयोग प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलापलाई सम्झनु पर्छ ।

(न) प्रस्तावना भन्नाले फोहोर मैला व्यवस्थापनका सम्वन्धमा तयार परिएको योजना , आयोजना वा कार्यक्रम सहितको लिखित दस्तावेजलाई प्रस्तावना सम्झनु पर्छ ।

(प) शाखा भन्नाले : नगरपालिकाको वातावरण तथा सरसफाई र विपद् व्यवस्थापन शाखा उपशाखा फाँट सम्झनु पर्छ ।

(फ) सरोकारवाला : सरोकारावाला भन्नाले फोहोर उत्पादन देखि सङ्कलन, प्रशोधन र विसर्जन गर्ने मध्ये सबै वा कुनै कार्यमा संलग्न व्यक्ति संस्था वा निकाय भन्ने सम्झनु पर्छ ।

(ब) तोकिए बमोजिम: नगरपालिकावाट निर्णय भई तोके बमोजिमका कार्य भन्ने सम्झनु पर्छ ।

परिच्छेद-२

३. सरसफाई केन्द्र सञ्चालनको रणनीतिक कार्यहरु, फोहोरको वर्गीकरण व्यवस्थापनका सम्बन्धमा:

रणनीतिक कार्यहरु :

(क) **फोहोरमैलाको प्रशोधन र विसर्जन**: कुनै पनि वस्तुलाई कच्चा पदार्थ मानेर त्यसलाई तत्काल उपयोग गर्न सकिने वा उपभोग गर्न सकिने वनाउनु वा अर्को कुनै काम वा उत्पादनका लागि तयार पार्ने कार्यलाई प्रशोधन भनिन्छ । प्रशोधनको सामान्य अर्थ सफा पार्नु एवम् गुणस्वरुप वदल्नु भन्ने हो । फोहोरको उदय प्रशोधनका क्रममा हुन्छ । जस्तो चकलेट, विस्कुट, चाउचाउ, आदिलाई परिवर्तन गर्न सजिलोको लागि प्याकेट गरिएको हुन्छ । उपभोग गर्नुपर्दा त्यसका खोल निकालिन्छ । खोल निकाल्नु पनि खानेकुरा प्रशोधन गराइभित्रै पर्ने कुरा हो । तरकारी केलाउँदा हामी खानयोग्य भागलाई लिएर विग्रेको, सुकेको बोक्रा, जरा कडा भाग छुट्याउँछौ यो पनि प्रशोधन गराइनै हो । यसरी प्रशोधन गर्दा उपयोग वा उपभोग गरिने कुरालाई मात्र हामी ग्रहण गर्दछौ र बाँकीलाई फोहोर भनेर फाल्ने काममा उद्दत भई हाल्छौ । तर फोहोर भनिएको चिज वा वस्तुमा अर्को उपयोगिता रहेको हुन सक्छ । यस्तो उपयोगिता पहिचान गरेर सो उपयोगिता लिने गरी फोहोरलाई थप केलाउने कामलाई फोहोर प्रशोधन भनिन्छ । यसै गरी कुनै पनि कुरा वा वस्तुलाई टुङ्याउने, फाल्ने, त्याग्ने, वा छाड्ने कार्यलाई विसर्जन भनिन्छ । विसर्जन भनेको उपयोगिताबाट हटाउनु हो । त्यसलाई अनुपयोगी वा फोहोर मानेर अस्तित्वहीन वनाउने प्रयास पनि हो ।

(ख) . **स्रोतन्यूनीकरण**: स्रोतवाटै रोकथाम गर्ने उपाय हो । प्लास्टिकका झोलाको साटो टिकाउ हुने जुट वा कपडाको झोला प्रयोग गर्ने उपाय अपनाउन सकिन्छ । उदाहरणका लागि तरकारी वा सागसब्जीको अनुपभोग्य फेद वा तीनलाई बाँध्ने परालको

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

मात्रा घटाउने, एक पटक प्रयोग गरेर फालिने वस्तुको प्रयोग कम गर्नु पनि अर्को उपाय हुन सक्छ ।

(ग) **पुनरुपयोगः** प्रयोगमा आउने अनेक सरसामान जुन रुपमा तिनले उपयोगीता दिन भनेर ल्याइएको हुन्छ त्यही रुपमा उपयोगीता नदिदैमा तीनलाई उपयोगीता सकिएको फाल्नु पर्ने वस्तु वा फोहोरका रुपमा परिभाषित गर्न हुँदैन । जस्तो यात्रा गर्दा तिर्खा मेटाउन पिउने पानीको बोतल किनियो र पानी खाइयो भने त्यो बोतलको उपयोगीता सकियो भनेर फाल्ने गरिन्छ । उपयोगीता लिने प्रयोजन सकिने बित्तिकै त्यसलाई त्याग्ने वा फाल्ने काम फोहोरमैला विसर्जनको सही विधि होइन ।

(घ) **नवउपयोगीता सिर्जनाः** फोहोरमैला नै कम उत्पन्न हुने अवस्था सिर्जना गर्नु फोहोर विसर्जनको अर्को उपयोगी र प्रभावकारी तरिका हुन सक्छ । एउटा उपयोगीता वा प्रयोजनका लागि प्रयोग, उपयोग वा उपभोग गरिएको चिजविजको विकृत रुप वा बाँकी रहेको रहलपहललाई अर्को उपयोगी वा उपभोग्य वस्तु बनाएर प्रयोग गर्न सक्निछ । यस्तो नवउपयोगिता सिर्जना गर्ने कुरामा गुन्द्रुक नेपालको बेजोड परम्परागत खाद्य पदार्थ हो । कुनै पनि वस्तुको पूरा उपयोगीता नलिई निरुपयोगी मानेर त्यतिकै फाल्नुभन्दा त्यसको अर्को उपयोगीता विचार गरेर फोहोरमैला कम गर्न सकिन्छ ।

(ङ) **फोहोरमैला तह लगाउने केही उपयोगी तरिकाः** फोहोरमैला जम्मा पार्नु, जथाभावी फाल्नु र त्यसलाई बेवास्ता गर्नुले गाँउठाँउ टोल सहर वस्ती, सेरोफेरो दुर्गन्धपूर्ण र घीनलाग्दो देखिने मात्र हैन त्यसले जल, जमिन, जंगल र वायुमण्डललाई प्रदूषित पार्दछ । प्रदूषणको असर मानिस र अन्य जीवजन्तुमा त पर्छ नै त्यो भन्दा पर भावी पीढिले समेत त्यसको पीडा व्यहोर्नुपर्ने दिन आउँछ ।

(च) . **स्रोतमै फोहोरको पृथक्कीकरणः** घर, कार्यालय, यात्रा, उद्योग पेशा व्यवसाय आदि विभिन्न क्षेत्रका दैनिक कामकाजमा उपभोग, उपयोग, प्रयोगका अनेक सन्दर्भ आउँछन् । त्यहाँ फोहोर निस्कन्छन् निस्कने फोहोरमैलामा ठोस र तरल फोहोर बढी निस्कन्छन् । ठोस र तरल फोहोरलाई भिन्दाभिन्दै राख्न सकियो भने मात्रै दुर्गन्ध पनि कम हुन्छ । यस्तै ठोसमा पनि जैविक र अजैविक दुई खालका फोहोर सामान्यत निस्कन्छन् । यसरी फोहोर निस्कँदा त्यसको स्रोतमै ठोस र तरल अनि जैविक र अजैविकलाई भिन्न भिन्न भाँडामा छुट्याएर सङ्कलन गर्नुपर्छ । जैविक फोहोरमा पनि तत्काल सड्ने गल्ने खालका र सड्नगल्न समय लाग्ने खालकालाई भिन्दाभिन्दै राख्नु उपयुक्त हुन्छ । अजैविक फोहोरलाई पनि तिनको प्रकृति र अवस्था अनुसार फरकफरक गरेर राख्नु उचित हो । यसो गरिएमा फोहोर तह लगाउन सजिलो हुन्छ । यसरी पृथक पृथक गरेर राख्नाले तत्काल सड्नेगल्ने प्रकृतिको फोहोरलाई कम्पोष्ट मल बनाएर गमला, करेसावारी वा खेतीवारीमा प्रयोग गर्न सकिन्छ । सड्नगल्न समयलाग्ने हड्डी, रौं छाला, आदिलाई पुरिदिन सकिन्छ ।

फोहोर मैलाको प्रयोगक्षेत्रगत वर्गीकरणः

पुन प्रयोगमा ल्याउन नसकिने वा अनावश्यक ठानेर फालिने चीजहरु नै फोहोरमैला हुन् । उत्पादन, प्रशोधन तथा उपभोगका लागि गरिने औद्योगिक, व्यापारिक, कृषिजन्य, सामुदायिक तथा घरायसी क्रियाकलापको नतिजास्वरुप फोहोरमैला उत्पन्न हुन्छ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

फोहोरमैलाको उदय र विस्तारबाट निस्कने फोहोरमैलालाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

(क) घरेलु फोहोरमैला:

(ख) औद्योगिक फोहोरमैला

(ग) रासायनिक फोहोरमैला:

(घ) स्वास्थ्य सेवा सम्बन्धी फोहोरमैला:

(ङ) हानिकारक फोहोरमैला:

(च) मलखाद योग्य सडने फोहोरमैला:

(छ) रछाने फोहोरमैला:

(ज) मलखाद अयोग्य सडियल फोहोरमैला:

(झ) कवाडी फोहोरमैला

(ञ) प्लाष्टिकजन्य फोहोरमैला:

(ट) सिसाजन्य फोहोरमैला:

फोहोर मैलाको व्यवस्थापन :

क. सरसफाइ केन्द्रः (१) नगरभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यक पर्ने सरसफाइ केन्द्र नगर क्षेत्रभित्र रहेको उपयुक्त स्थानमा गर्ने व्यवस्था पुतलीबजार नगरपालिकाबाट मिलाइने छ।

(२) उपदफा (१) बमोजिम सरसफाइ केन्द्रका लागि आवश्यक पर्ने जग्गा पुतलीबजार नगरपालिकाले खरिद वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ ।

(३)पुतलीबजार नगरपालिकाले उपदफा (१) बमोजिमको सरसफाइ केन्द्र बजारक्षेत्र वा आवश्यकता अनुसार एक वा एक भन्दाबढी स्थानमा तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको सरसफाइ केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अबलम्बन गर्ने गरी व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको सरसफाइ केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ती र सरसफाइ केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिइनेछ ।

(६)पुतलीबजार नगरपालिकाले उपदफा (१) बमोजिम सरसफाइ केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सकिनेछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

(७) उपदफा (१) बमोजिमको सरसफाइ केन्द्र वरीपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्युनीकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुगा गिट्टी वालुवाको उत्खन्नलाई आवश्यकता अनुसार प्रतिवन्ध लगाउन सकिनेछ।

(८) उपदफा (१) बमोजिमको सरसफाइ केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि निजीक्षेत्रबाट माग भएमा वातावरणिय प्रभाव र प्रचलित कानूनको अधिनमा रही पुतलीबजार नगरपालिकाले अनुमति दिन सक्नेछ ।

(९) उपदफा (१) बमोजिम पुतलीबजार नगरपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन तथा सरसफाइ केन्द्रको अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना वनाई पुतलीबजार नगरपालिकाको आर्थिक क्षमताको आधारमा क्रमश अगाडी वढाउनेछ ।

(१०) उपदफा (१) बमोजिम पुतलीबजार नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहोरमैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको वासिन्दाहरुको आवश्यक सल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था गर्न सक्नेछ ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहोरमैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था गरिने छ ।

तर निजीक्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमती दिएकोमा वातावरणिय मापदण्ड बमोजिम रहे नरहेको विषयमा पुतलीबजार नगरपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

ख. **फोहोरमैलाको उत्पादनः**(१) कुनै पनि पुतलीबजार नगरबासी तथा उद्योग व्यवसायमा संलग्न पदाधिकारी, अस्पताल वा क्लिनिकहरुले कार्यसम्पादन गर्दा सकेसम्म कम फोहोर उत्पादन हुने गरी गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले आफुले उत्पादन गरेको फोहोर मध्ये आफैले पुनः प्रयोग वा पुनः प्रशोधन गर्ने फोहोरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाइ फोहोर कम गर्ने उपाय अपनाउनु पर्नेछ र आफुले पुनः प्रयोग वा पुनः प्रशोधन गर्न नसक्ने फोहोरमैला मात्र विसर्जनका लागि नगरपालिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उत्पादन भएको फोहोर अलग अलगरुपमा पृथकीकरण गरी वातावरणमा प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खालका

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

फोहोरहरुको विक्रि वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयले मिलाउनु पर्नेछ

(४) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले जथाभावी फोहोर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यक्ति वा संघसंस्थालाई प्रचलित कानून बमोजिमकडा कारवाही गरिनेछ ।

ग. **फोहोरमैलाको ढुवानी व्यवस्था:**(१)पुतलीबजार नगरपालिकाभित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था पुतलीबजार नगरपालिकाले मिलाउनु पर्नेछ ।

तर पुतलीबजार नगरपालिकाले तोके बमोजिमको पृथ्थकीकरण नगरिएको नगरबासीको फोहोरको संकलन र ढुवानी गर्नका लागि पुतलीबजार नगरपालिका बाध्य हुनेछैन ।

(२) उपदफा (१) बमोजिमको फोहोरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहोर पृथक पृथक समय र मितिमा अलग अलग रुपमा गरिनेछ ।

घ. **सामुदायिक संस्था वा निजी क्षेत्रसँगको सहकार्यमा फोहोरमैलाको व्यवस्थापन गर्न सकिने:**(१)यस कार्यविधिबमोजिम उत्पादन हुने फोहोरको पृथ्थकीकरण गर्न, पृथ्थकीकरण गरिएको फोहोरको संकलन गरी नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान,नगर सभाले तोके बमोजिम फोहोरमैला शुल्क उठाउन, फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन सामुदायिक संस्था वा निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरु तयार गरी पुतलीबजार नगरपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौतागरी वा प्रतिस्पर्धाका आधारमा गर्न सकिनेछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

ङ) फोहरमैला संकलन तालिका

कुहिने फोहोर हप्तामा २ दिन र नकुहिने फोहोर ४ दिन संकलन गर्ने कार्यक्रम रहेको छ यदि क्षेत्र विस्तार गर्नुपरेमा शनिवार थप एक दिन समेत फोहोर संकलन गरिने छ ।

आइतवार:	नकुहिने फोहोर	सोमवार:	नकुहिने फोहोर
मंगलवार:	कुहिने फोहोर	बुधवार:	नकुहिने फोहोर
बिहिवार:	कुहिने फोहोर	शुक्रवार:	नकुहिने फोहोर
शनिवार:	नकुहिने फोहोर, र कुहिने फोहोर		

४ सरसफाइ गरिने क्षेत्र :-तत्कालका लागी वडा नं ४,३,२,१,१० र ११ को राजमार्ग एवं बजारका शहरी छेउछाउका स्थलहरु पछि आवश्यकता अनुसार नगरपालिकाबाट तोकिएका एवं क्षेत्र विस्तारमा परेका वडा एवं वस्तिहरुका टोल विकास संस्था समुदाय परिवार वा नगरवासी नागरीकका परिवार एवं परिवारका सदस्यहरु सवै लक्षित समुह एवम् क्षेत्र हुनेछन् ।वढी फोहोरमैला निष्काशन हुने क्षेत्रहरु विशेष गरी यसको केन्द्र विन्दु रहनेछ ।लक्षित समुहको नेतृत्व विशेष गरी टोल विकास संस्थाहरुले गर्ने छन् ।

५ सर-सफाईकेन्द्रका मुख्य-मुख्य कियाकलाप : सर-सफाईकेन्द्र संचालनमा अपनाइने निम्न कियाकलापहरु मुख्य मुख्य क्रियाकलापको रुपमा रहने छन् ।

- बजार ,श्रोत तथा सधान, प्रविधिको पहिचान एवं व्यवस्थापन ,
- घरधुरी सर्वेक्षण,
- समुह निमार्ण र क्षमता अभिवृद्धि,
- सीपविकास तालिम र उद्यमशिलताको विकास,
- क्षेत्र विस्तार एवं विकि प्रवन्ध,
- प्रविधिमा पहुँचका लागी सहयोग र सहजीकरण,
- टोल विकास संस्थाहरुको परिचालन,
- अनुगमन ,अध्ययन अवलोकन भ्रमण ,मुल्याङ्कन ,निरिक्षण र सुपरिवेक्षणका कार्य,
- सर-सफाईकेन्द्रको अव्यस्थिति ,पहिचान र छनोट,
- सर -सफाईका शुल्क ,कसुर ,दण्ड ,सजाय र क्षतीपुर्तिको प्रावधान ,
- प्रदुषण नियन्त्रणका प्रयासहरु,
- फोहोरमैलाको वर्गिकरण ,

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

- जनशक्ती व्यवस्थापन तथा परिचालन,
- पुरस्कार तथा सम्मान ,
- समन्वय ,साझेदारिता र सहकार्य,
- वन्द पश्चातको व्यवस्था ,उधान निमार्ण ,शौन्दर्यकरण,
- तोकिए वमोजिम अन्य कार्य।

परिच्छेद-३

६. उद्धेश्यहरु,सरसफाई शुल्क निर्धारण र असुली सम्बन्धि ब्यबस्था:

कार्यविधिको उद्देश्य :-

पुतलीवजार नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्वन्धमा देहायका कार्य गर्नु गराउनु कार्यविधीको उद्धेश्य रहेको छ ।

- सरसफाई केन्द्र संचालनमा ल्याउनु,
- सर सफाईकेन्द्रमा आवश्यक प्रविधि तथा उपकरण जडान गर्नु,
- सरसफाई शुल्क निधार्रण तथा असुली गर्नु ,
- कसुर ,दण्ड सज़ाय र क्षतीपुर्तिको व्यवस्था गर्नु ,
- वातावरण प्रदुषण न्यूनिकरण गर्नु ,
- सर सफाईकेन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तथा थप प्रोत्साहन एवं पेशागत व्यावसायिकताको विकास गर्नु ,
- नगरपालिकाको फोहोरवाट मोहोर आर्जन गरी नियमित आन्तरिक आम्दानीको प्रवन्ध गर्नु,
- फोहोरमैलाको वर्गिकरण र संङ्कलन तथा विर्सजनका लागि आवश्यक अन्य कार्यगर्नु ।

७. फोहोरमैला व्यवस्थापन शुल्क तथा असुली : (१) नगरपालिकाले पुतलीबजार नगरपालिका क्षेत्र भित्र उत्पादन भएको फोहोर व्यवस्थापन गरे वापत नगरसभाबाट तोकिए बमोजिमको शुल्क उठाउने छ।

(२) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क निर्धारण गर्दा फोहोरमैलाको तौल, फोहोरबाट मानव स्वास्थ्य तथा वातावरण पर्ने सक्ने असर, फोहोरमैलाको ढुवानी र तोकिए बमोजिमका अन्य मापदण्डका आधारमा गरिनेछ ।

 प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

(३) उपदफा (१) बमोजिमको शुल्क पुतलीबजार नगरपालिका आफैले वा सम्झौता अनुसार पुतलीबजार नगरपालिकाले तोकेको सामुदायिक संघ संस्था वा निजी क्षेत्र मार्फत उठाइनेछ ।

(४) उपदफा (३) बमोजिम सामुदायिक संघ संस्था वा निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापन शुल्क उठाए वापतको निश्चित रकम उपलब्ध गराइनेछ । त्यसरी उपलब्ध गराएको रकम सम्बन्धित क्षेत्रको विकास निर्माणमा खर्च गर्न सकिनेछ ।

(५)सरसफाइ शुल्क तथा फोहोरमैला व्यवस्थापन शुल्क,कार्ड र अभिलेख कार्यविधिको अनुसुचीहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-४

८.सरोकारवाला निकाय र भूमीका :

क. फोहोरमैला व्यवस्थापन गर्नका लागि आम नागरिकले पुरागर्नु पर्ने जिम्मेवारी:

०१. घर, पसल, उद्योग, कलकारखाना, व्यवसायबाट निष्केको फोहोरमैला, धुलो, धुवाँ र ध्वनी नियन्त्रण गर्ने र राखिएको डष्टविनमा फोहोर राख्नुपर्ने छ ।

०२. आधा सडक सफा गर्दै आफ्नो घर, पसल अगाडीको डष्टविनमा ल्याएर फोहोर राख्ने परिपाटीको विकास गरी सडक पेंटी सधैं सफा सुग्घर राख्नुपर्ने छ ।

०३ घर, पसल वा कुनै पनि व्यवसायबाट संकलित फोहोर कुहिने र नकुहिने छुट्याई कुहिने फोहोरलाई मल बनाई घरको कौसीखेती, तरकारी करेसाबारी वा खेतीयोग्य जमिनमा कम्पोष्ट मलको रुपमा प्रयोग गर्नुपर्ने । पुनः प्रयोग हुने फोहोर कवाडीमा बिक्री वितरण गरी आयआर्जन गर्न सकिनेछ ।

०४. सडक पेटी तथा चोक गल्लीमा मोटर साइकल राखी मर्मतसम्भार गर्ने र धुने काम बन्द गर्नुपर्नेछ ।

०५. सडक छेउमा रहेका पसल, कल कारखाना वा अन्य व्यवसाय गर्ने व्यवसायीले सडकपेटी अतिक्रमण गरी वा पैदल यात्री यात्रा गर्न अवरोध हुने गरी फुटपाथमा पसल राख्न पाइने छैन ।

०६. साइकल, रिक्सा, ठेला, ठेला गाडा, अस्थायी टहरा वा घुम्ती पसल सञ्चालन गर्ने उद्यमि व्यबसायीले फोहोर राख्ने भाँडोको व्यवस्था आफै गरी फोहोर नियन्त्रण गर्नुपर्नेछ ।

०७ घर, टहरा निर्माण गर्दा आवश्यक निर्माण सामाग्रीहरु सडक पेटीमा नै राखी निर्माण गर्ने वा बालुवा पखाल्दाको पानी सडक पेटीमा छाड्ने कामलाई निरुत्साहित गर्नुपर्नेछ । निर्माण सामग्री खसाल्नु परेमा १ (एक) घण्टा भित्र सो सामान उठाई सडक पेटी खालि गराउनु पर्नेछ ।

०८. आकाशे पानीको उपयोग गर्न सकिनेछ, घरको छतमा पाइप राखी सडकमा पानी फाल्न पाइने छैन, पाईप राखि वर्षादको पानी नियन्त्रण गर्नुपर्ने छ ।

०९. घर टहरा निर्माण गर्दा नदेख्ने गरी जाली वा त्रिपालले छोप्नु पर्ने छ ।

 प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

१०. ३० माइक्रोन भन्दा कम मोटाइका प्लाष्टिका झोलाको नियन्त्रण तथा नियमन गर्ने तथा अन्य झोलाको हकमा वैकल्पिक झोलाको प्रवर्द्धन गर्नुपर्ने छ ।

११. प्रचार प्रसार गर्ने उद्धेश्यले भित्ते लेखन, पोष्टर, व्यानर पम्पिलेट, पर्चा आदि टाँस्ने र वितरण गर्ने कार्य गर्न पाईने छैन गरेमा तोकिए बमोजिमको जरीवाना तिर्नुपर्नेछ ।

१२. नदीमा कुनै पनि किसिमका केमिकलयुक्त तरल पदार्थ मिसाउन पाईनेछैन ।

१३. नदी, खोला, नालामा सेफ्टी ट्यांकी फाल्ने काम दण्डनीय हुनेछ।

१४.जथाभावी फोहोर फालेमा ड्युटीमा खटिएका सुरक्षाकर्मी वा कर्मचारीले नियन्त्रणमा लिन सक्नेछन।

१५. घरको कम्पाउण्डभित्र अनिवार्यरुपमा दुइवटा फूलफलका बिरुवा रोपनुपर्नेछ ।

१६. सार्बजनिक ठाउँमा आफूद्वारा सृजित फोहोर बिसर्जिन् गर्न सडक पेटी र सार्वजनिक यातायातमा राखिएको डष्टविनको उपयोग गर्नुपर्नेछ ।

ख. फोहोरमैला व्यवस्थापन गर्नका लागि टोल बिकास सँस्था पुरागर्नु पर्ने जिम्मेवारी:

- टोल विकास संस्थाले सदस्यहरु परिचालनगरी आआफ्नो टोल सफा राखि न.पा बाट संकलनका लागि उपलब्ध सवारी साधनकों कार्यतालिकाको जानकारी दिइ निर्धारित मापदण्ड बमोजिम छुट्टाछुट्टै फोहोर छुट्टाछुट्टै दिनमा फाल्ने कार्यका लागि व्यवस्था मिलाउनु पर्नेछ । यदी घर भित्र फोहोर अटाउन नसक्ने स्थिती आएमा टोल विकास संस्थाले सिफारिस गरी वडा समितिको स्वीकृति लिई फोहोर संकलन केन्द्रको व्यवस्था गर्नु पर्दछ ।
- व्यक्तिले सेवन गरेको तथा प्रयोग गरेको फोहोर पसलेले विक्रि गरेको सामानबाट निस्कने फोहोरबाट वरिपरि छिमेकी वा समुदायलाई असर हुने, सार्वजनिक बाटो, धारो, नाला लगायतका अन्य सार्वजनिक स्थलमा दुर्गन्ध फैलने, वातावरण प्रदुषणमा टेवा पुग्ने हानीकारक जन्य कृयाकलाप गरेको उजुरी परेमा वा निरीक्षण तथा अनुगमन गरेको समयमा देखिएमा वा टोल बिकास सँस्थाले सिफारिस गरेमा, शो गर्ने र गराउने लाई यस कार्यविधिमा उल्लेखित दरमा दण्ड तथा जरिवाना लगाउन र असुलीमा सहयोग गर्नु पर्दछ ।
- घर टोलको फोहोर घर टोलमा जम्मा भण्डारण गर्ने कर्तव्य टोलका सदस्य तथा घरमुलीको र टोलविकास सँस्थाको हुनेछ ।
- टोलविकास सँस्थाले किरा लामखुट्टे आदि बाट टोललाई सुरक्षित पार्नुपर्नेछ ।
- टोलका सदस्य बाट सामुदायिक प्राथमिक उपचार व्यवस्था गर्ने र टोल टोलमा खुल्ला नाली र ढल नभएको हुनुपर्नेछ । खुला ढल र नालीमा सेफ्टी टेङ्क प्रयोग गर्न पाइने छैन , गरेमा तोकिए बमोजिमको सजायँ हुनेछ ।
- वातावरणमैत्री र सरसफाई मैत्री समुदायको पहिचान निर्माण गर्नुपर्नेछ । सार्वजनिक शौचालयको व्यवस्थापन ,र फुलविरुवा रोपण गरी हरियाली शहर निमार्णमा सहयोग गर्नुपर्नेछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :

- सार्वजनिक शौचालयमा पानीको वाल्टी, मग, साबुन, लगायत आधारभूत वस्तुहरु राख्नुपर्नेछ ।
- फोहोर फाल्ने डस्टविनहरु आवश्यकतानुसार प्रवन्ध गर्नुपर्नेछ ।
- हानीकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन तथा व्यवस्थापन गर्ने दायित्व निर्धारीत मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा संस्था एवम् निकायको हुनेछ ।
- हानीकारक फोहोरमैला, सरसफाइ केन्द्रमा निष्काशन गर्न पाईने छैन ।
- प्रत्येक टोलविकास सस्थाले सडकलन केन्द्र वा कन्टेनरको व्यवस्थापन गर्नुपर्नेछ ।
- जोखिमपूर्ण फोहोर व्यवस्थापन उत्पादक वा संञ्चालक आफैले गर्नुपर्नेछ ।
- जोखिमपूर्ण र अन्य फोहोर लगायतको व्यवस्थापन तोकिएवमोजिम हुनेछ ।

ग. फोहोरमैला व्यवस्थापन गर्नका लागि नगरपालिका बाट पुरागर्नु पर्ने जिम्मेवारी:

- कायविधि तथा कानूनहरु निमार्ण एवं पारीत गर्ने ।
- वातावरणीय सरसफाइ कार्यान्वयन समितिलाई सरसफाई शुल्क दररेट निर्धारण, कसुरको दररेट निर्धारण, दण्ड जरिवाना र क्षतिपूर्तिका लागि दररेटनिर्धारण गर्न आवश्यक अधिकार प्रत्यायोजन आवश्यकता अनुसार गर्ने ।
- सरसफाई केन्द्रको छनोट एवं आवश्यक पूर्वाधार र प्रविधी सहितको स्थलको व्यवस्था गर्ने ।
- आवश्यक जनशक्ति र तीनिहरुको सेवा तथा सुविधा व्यवस्थापन गर्ने ।
- फोहोर संकलन केन्द्र ढुवानी साधन, अनुगमनका लागि सवारी साधन, लोड अनलोड, प्रशोधन उपकरण विक्री प्रवन्ध एवं आवश्यकतानुसार सार्वजनिक निजी साझेदारीतामा फोहोरमैला व्यवस्थापन गर्ने ।
- फोहोरमैलाको संकलन देखि विर्सजन सम्मका लागि थप कार्यक्षेत्र तथा कृयाकलापहरुमा सीमांकन गर्ने ।
- समुदायको मागअनुसार फोहोर संकलन केन्द्र, ठाउँठाउँमा शौचालय र पानी, बाल्टी मग, साबुन र रुमाल जस्ता आधारभूत वस्तु र फुलविरुवा रोपण र हरियाली प्रर्वद्धन गर्नमा सहयोग पुऱ्याउने ।
- फोहोरमैला व्यबस्थापनको यथोचित प्रवन्ध गर्ने ।
- फाहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको फोहोर परीक्षण गर्दा भेटिएमा कार्यपालिकाले सचेत गराई आवश्यक कारवाही गर्ने ।
- जैविक, अजैविक र अन्य गरी फोहोरमैला पृथकीकरण स्रोतमा नै गर्ने गरी तोकिदिने ।

 प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

- स्रोतको फोहोरमैला सङ्कलनको दायित्व उत्पादन गर्ने व्यक्ति वा निकायको हुने र त्यस्को ढुवानीका लागि आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि न.पा बाट औचित्यका आधारमा उपलब्ध गराउने ।
- फोहोरमैलाको निष्काशन समय,स्थान,बिधि र तरीका नगरपालिका बाट तोकिए बमोजिम हुनेछ ।
- फोहोरमैला न्युनीकरण पुनः प्रयोगमा पुनः चक्रिय प्रयोगलाई प्रोत्साहन गर्ने ।
- वातावरणीय मापदण्ड र सरसफाइको मापदण्ड पालना भए नभएको अनुगमन गर्ने र मापदण्ड बमोजिम नभएको भए सम्बन्धित पक्षको स्वीकृति रद्ध गर्न सक्नेछ ।
- फोहर मैला सङकलन एवं व्यवस्थापनको कार्य गर्ने कर्मचारीलाई घरपालुवा वस्तुभाऊ तथा जनावरको टोकाई र डसाईबाट पुग्न गएको क्षतिको उपचार तथा आवश्यक क्षतिपुर्ति वस्तुभाउ तथा जनावरको मालिकलाई भराउन सहयोग गर्ने ।
- व्यक्ति ,संस्था वा निकाय बाट कुनै सरचना निर्माण हुनुपुर्व हुन सक्ने प्रदुषण र फोहरमैलाको मात्रालाई आधार लिई सरसफाई धरौटी शुल्क बापत रु५,०००।- देखी ५०,०००।- सम्म लिने र कार्य सम्पादन पश्चात् सरसफाई चुक्ता प्रमाणको आधारमा शो धरौटी रकम फिर्ता दिने व्यवस्था गर्ने ।

परिच्छेद-५

९ संस्थागत प्रवन्ध एवम् काम, कर्तब्य र अधिकारः

क. फोहोरमैला व्यवस्थापन समिति, समितिको काम, कर्तव्य र अधिकारः

पुतलीबजार नगरपालिकाले फोहोरमैलाको व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी फोहोरमैला व्यवस्थापन समिति गठन गरिनेछ ।

नगरप्रमुख	-	अध्यक्ष
नगर उप-प्रमुख	-	सदस्य
सम्बन्धित वडाको वडा अध्यक्ष	-	सदस्य
कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका सदस्य १ जना	-	सदस्य
प्रमुख प्रशासकिय अधिकृत	-	सदस्य
स्याङ्जा उद्योग बाणिज्य संघ र स्याङ्जा चेम्वर अफ कमर्शको अध्यक्ष/प्रतिनिधि	-	सदस्य
वातावरणको क्षेत्रमा अनुभव भएको १ जना	-	सदस्य

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय	-	सदस्य
प्रतिनिधि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	-	सदस्य
डिभिजन वन कार्यालय	-	सदस्य
वातावरण तथा सरसफाई र विपद व्यवस्थापन शाखा प्रमुख	-	सदस्य
वातावरण तथा विपद् व्यवस्थापनका संयोजक	-	सदस्य

ख फोहोरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

- फोहोरमैला व्यवस्थापनका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने ।
- नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरमैला व्यवस्थापनको अनुगमन मूल्यांकन र समिक्षा गर्ने ।
- फोहोरमैला व्यवस्थापन र पूर्ण सरसफाई नगरपालिका बनाउनका लागि अभियान मुलक जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागी वातावरण ऐन तथा नियमावली र यससँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रही नगरक्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।
- नगरक्षेत्रमा उत्पादन हुने फोहोरलाई उत्पादन स्थलमा (स्रोतमा) वर्गीकरण गरी संकलन गर्ने/गराउने व्यवस्था मिलाउने ।
- नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई घटाउने पुन प्रयोग गर्ने र RECYCLE गर्ने व्यवस्था मिलाउने ।
- नगरपालिकाले फोहोर व्यवस्थापनका लागि तोकेको क्षेत्रमा पार्क उद्यान लगायतका हरियाली क्षेत्रको विकास गर्ने व्यवस्था मिलाउने ।
- फोहोर मैला व्यवस्थापनका लागि सरकारी गैरसरकारी सामुदायिक तथा निजी क्षेत्रहरुको साझेदारी र सहभागिता जुटाउने ।
- फोहोरमैला व्यवस्थापनका क्षेत्रमा आउने समस्याहरुको समाधान गरी व्यवस्थितरुपमा फोहोरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

- फोहोरमैला व्यवस्थापनका लागि आवश्यक ऐन कानून तथा नीति नियमहरुको तर्जुमा गर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने साधन स्रोतको पहिचान, संकलित श्रोतको परिचालन गर्ने व्यवस्था मिलाउने ।
- फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि भैपरी आउने सम्पुर्ण कार्यहरु गर्ने गराउने ।

परिच्छेद-६

१०. गर्ननहुने निषेधित (कसुरजन्य)कार्य उपर दण्ड सजायँहरु :

यस कार्यविधिमा उल्लेखित विषय विपरित कार्यगरेमा वा अन्य प्रचलित कानूनमा लेखिएका सरसफाइ सम्बन्धी विपरित कार्य गरेमा, प्रचलित कानून वा स्थानीय कानून एवम् यस कार्यविधिमा उल्लेख भए बमोजिम दण्ड सजायँ हुनेछ ।

- तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहारेमैला निष्काशन गर्ने कार्य गरेमा, हुने सजायँ :-रु १०० देखि रु ५००। सम्म नगद जरिवाना ।
- संङ्कलन केन्द्रमा रहेको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने कार्य गरेमा, हुनेसजाय :-रु ५०० देखी रु १०००। सम्म नगद जरिवाना र क्षति अनुसारको विगो असुली गर्ने ।
- फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने क्षती पुर्याउने कार्य गरेमा, हुने सजाय :-रु ५०० देखी रु १,०००। सम्म नगद जरिवाना र क्षति अनुसारको विगो असुली गर्ने ।
- घर वरपरको फोहोर संकलन केन्द्रमा वा नगरपालिकाको गाडीमा नल्याई अन्यत्र सार्वजानिक स्थल वा जथाभावी फाल्ने कार्य गरेमा, हुनेसजाय :-रु५००। देखी रु २०००। सम्मनगद जरिवाना र क्षति अनुसारको विगो असुली गर्ने ।
- रासायनिक तथा औद्योगिक फोहोरमैला जथाभावी फाल्ने कार्य गरेमा, हुनेसजाय :-रु २५००० ।देखी रु ५०,०००। सम्म नगद जरिवाना ।
- फोहोरमैला संकलन ,ढुवानी वा व्यवस्थापनमा बाधा ,अवरोध पुर्याउने बन्द,हड्ताल गर्ने कार्य गरेमा तोकिए बमोजिम सजायँ हुनेछ ।
- नेपाल सरकारले प्रतिबन्ध लगाईएको कुनै बस्तु उत्पादन तथा बिक्रि वितरण गर्नेकार्य गरेमा, हुने सजाय :-तोकिए बमोजिमको सजायँ हुनेछ ।
- कुहिने र नकुहिने अन्य फोहोरमैला एकै ठाउँमा मिसाई निष्काशन गर्ने कार्य गरेमा हुनेसजाय :-रु ५०० देखी रु २,०००। सम्म नगद जरिवाना ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

- मरेको सिनो ,पशुपन्छी वा सोको हड्डी ,माछाको कत्ला आदी सार्वजनिक स्थलमा वा संकलन केन्द्रमा फालेमा, सार्वजनिक स्थलमा अनधिकृत रुपमा पशुबध गरी जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने कार्य गरेमा,रु ५,००० देखी रु २५,०००। सम्म
- जरिवाना हुनेछ ।
- सरसफाई सम्बन्धी काम गर्ने कर्मचारीहरुलाई गाली गलौज गरेमा,सङकलन सामाग्री तोडफोड गरेमा,अपसब्दबोलेमा,दुर्व्यवहार गरेमा हुनेसजाय रु १०००।देखी रु २५,०००। नगद जरिवाना र क्षति अनुसारको विगो असुली गर्ने ।
- आफ्नो घरपालुवा जनावरका कारण छिमेकीलाई असर पर्ने गतिविधि भएमा,पहिलो पटकका लागी ध्यानाकर्षण र पटक -पटक दोहोरिएमा रु १०००। देखी रु ५०,०००। सम्म नगद जरिबाना ।
- जथाभावी पशु चौपाय (छोडुवा गाई वस्तु, कुकुर र अन्य) छाडा छाडेमा पशु चौपायका धनीलाई १०००। देखि ५००० सम्म सजायँ गरिनेछ ।
- जथाभावी ढल निकास एवम् वातावरण दुर्गन्धित बनाउने सरसफाइमा बाधा अवरोध पुर्‍याएमा रु. १,०००। देखि २५,०००। सम्म सजायँ गरिनेछ ।
- घर बनाउँदा वा बनेका घरमा सेफ्टीटंकी नभएमा वा सोझै ढल नाला खोला, नदीमा निकास गरेको मिसाएको पाइएमा रु ५,००० देखि १५,००० सम्म सजायँ र क्षति अनुसारको विगो असुली गर्ने ।

परिच्छेद-७

११. अनुगमन तथा मुल्याङकन र सजायँ सम्बन्धि प्राबधान :

वन वातावरण तथा विपद् व्यवस्थापन समिति, न.पा. सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुबाट बेलाबेलामा अनुगमन तथा मुल्याङकन सम्बन्धि कार्य सम्पादन गरिनेछ ।साथै कार्यविधीमा उल्लेखित दण्ड तथा सजायहुने गरी कुनै व्यक्ति वा निकायले कार्य गरेको उजुरी परेमा वा कार्य गरेको देखिएमा नगरप्रमुख वा उपप्रमुख, प्रमुखप्रशासकीय अधिकृत,बातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक मध्ये बाट एकजना र बातावरण तथा सरसफाई र बिपद व्यवस्थापन शाखा प्रमुख सम्मिलित बैठक वा संयुक्त बैठकबाट बाट निर्णय भए बमोजिम सजाय हुनेछ ।

परिच्छेद-८

१२.बिविध

(क) आदेश, निर्देशन ,कर्तब्य तथा दायित्व:-(१) यस कार्यविधि अनुसार फोहरमैला व्यवस्थापनका लागि पुतलीबजार नगरपालिकाले नगरपालिका क्षेत्रभित्र रहेका व्यक्ति, सरकारी निकाय, बैंक, वित्तिय संस्था, अस्पताल, संघसंस्थालाई आवश्यक प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

आदेश तथा निर्देशन दिन सक्नेछ । त्यस्तो आदेश तथा निर्देशन पालना गर्नु सम्बन्धित पक्षको दायित्व हुनेछ ।साथै सरसफाई संलग्न फिल्ड खटिने कर्मचारीहरुको खटाईएको स्थानमा विलम्ब नगरी खटिई तोकिएको कार्य गर्नु निजहरुको कर्तव्य हुनेछ ,शो कर्तव्य पुरा नगरेको कारणबाट पुगेको क्षतिको क्षतिपुर्ति भराउने र निजहरुलाई सेवाबाट हटाउन सम्मको शिफारिस गर्ने दायित्व वन ,वातावरण र सरसफाई एबं विपद् व्यवस्थापन समितिको हुनेछ ।

(ख) **सेवा बन्द गर्न सकिनेः** (१) नगरपालिकाद्धारा हुने फोहोरमैला व्यवस्थापनको कार्यमा सहयोग गर्नु प्रत्येक नगरबासीको दायित्वं र जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा विरोध गर्ने वा फोहोरमैला शुल्क नबुझाउने सेवाग्राहीलाई फोहोरमैला सम्वन्धि सेवा तत्काल बन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको व्यक्तिले आफुले उत्पादन गरेको फोहोर आफैले व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहोरमैला व्यवस्थापनका लागि दफा १० को उपदफा (१) बमोजिम नगरसभाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने सेवाग्राहीलाई नगरपालिकाबाट प्रदान गरिने सेवा उपलव्ध गराइनेछैन ।

(ग) **अनुमती सम्बन्धी व्यवस्था** :- नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैलाको व्यवस्थापन सम्बन्धि काम गर्न वा गराउन सक्ने छैन, साथै अनुमति पत्र सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(घ) **वातावरणीय सरसफाई व्यवस्थापन समिति** : -कार्यविधिको उद्धेश्य पुर्ति हेतु र सरसफाई मूल्यको दररेट निर्धारण, सरसफाई, केन्द्र संचालन, सरसफाई सम्वन्धि ऐन, कार्यविधि निर्माण, कसुर गर्नेलाई दण्ड जरिवाना निर्धारण एवं असुली गर्ने कार्यमा अद्यावधिकता कायम गर्न सहयोग एवं शिफारिस गर्ने कार्य वन वातावरण तथा विपद व्यवस्थापन समितिको हुनेछ । उक्त समितिको वैठक भत्ता तथा सुविधा अन्य विषयगत समितिका सदस्यले पाए सरह नगरपालिकाबाट उपलब्ध गराइनेछ र आवश्यकत्तानुसार विज्ञता भएका कर्मचारी तथा पदाधिकारी आमन्त्रण गरी आफ्नो कार्य समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।

ङ) **अधिकार प्रत्यायोजन** :- नीतिगत विषयमा निर्णय गर्नुपर्ने कार्य वाहेक कार्यपालिका वा अख्तियार प्राप्त अधिकारीले आवश्यकता अनुसार कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

च) **पुरस्कार दिन सकिने** :- फोहोर मैला व्यवस्थापनका लागि नविनतम् अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोर मैला व्यवस्थापनको कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई कार्यपालिकाले उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(छ). **बाधा अड्काउ फुकाउ** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्ने छ ।

ज) **कार्यविधिको व्याख्या** :- यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा अन्तिम व्याख्या नगरपालिकाले गर्नेछ ।

झ) **कार्यविधिको खारेज वा संशोधनः**- यस कार्यविधिको कार्यान्वयनमा कुनै खालको समस्या आएमा वा खारेजी तथा संशोधन गर्नु परेमा नगरकार्यपालिकाले खारेजी वा आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

अनुसुची- १

सम्झौताको नमूना

पुतलीबजारनगरपालिका (यस पछि पहिलो पक्ष भनिने) र ..... संस्था/समिति विचमा (यस पछि दोस्रो पक्ष भनिने) पुतलीबजारनगरपालिकाको ..... देखी ..... सम्मको स्थानमा उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन देहायका शर्तहरुको अधिनमा रही गर्ने/गराउने गरी यो सम्झौता गरिएको छ ।

क. ..... स्थान देखी ..... स्थान सम्मको क्षेत्रमा उत्पादन हुने फोहोरमैलाको नगरपालिकाले तोके बमोजिम अलग अलग रुपमा छुटाई त्यसको घर घरमा व्यवस्थित रुपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोश्रो पक्ष हुनेछ ।

ख. घर घर व्यवस्थित रुपमा जम्मा भएको फोहोरमैला फोहोरमैला व्यवस्थापन केन्द्र सम्म लैजानका लागि नगरपालिकाद्धारा व्यवस्था भएको ट्याक्टरमा राखी सम्बन्धित स्थानमा लैजाने कार्यमा सहयोग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

ग. शर्त नं. क र ख बमोजिमको कार्यका लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराउने जिम्मेवारी पहिलो पक्षको हुनेछ ।

घ. नगर सभा बाट निर्णय भए अनुसारको फोहोरमैला व्यवस्थापन शुल्क उठाउने दायित्व दोश्रो पक्षको हुनेछ । यसरी उठाएको शुल्क मध्ये ..... प्रतिशत रकम सम्बन्धित क्षेत्रको स्थानमा फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा खर्च गरी बाँकी ..... प्रति्शत प्रतिशत रकम महिना समाप्त भएको ७ दिन भित्र नगरपालिकामा दाखिला गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

ङ. शर्त नं. घ अनुसारको ..... प्रतिशत रकम खाता खोली बैंकमा जम्मा गर्ने र बैंकमा जम्मा भएको संस्थाको पदाधिकारीहरुको संयूक्त हस्ताक्षरबाट खर्च गर्ने व्यवस्था मिलाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

च. फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले उपलब्ध गराएका सामाग्रीको संरक्षण गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

छ. सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानून अनुसार हुनेछ ।

संस्थाको तर्फबाट	नगरपालिकाको तर्फबाट
नामः	नामः .....
पदः	पदः .....
सम्पर्क नं.	सम्पर्क नं. .....

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

अनुसुची - २

फोहोरमैला वर्गीकरणको नमुना

साधारण फोहोरमैला			हानिकारक फोहोरमैला	
जैविक	अजैविक	अन्य	स्वास्थ्य संस्थाजन्य	औद्योगिक
भान्साको फोहोर	प्लाष्टिक सामान	निर्माण सामाग्रीजन्य	म्याद नाधेका औषधी	केमिकल
बचेको खाना	कार्ड बोर्ड पेपर	पशुपन्छी जन्य फोहोर	सिरिन्ज निडिल	विषालु ग्यास खरानी
कागज	प्याकेजिङ्ग पेपर		धारिला हातहतियार	
तरकारी तथा फलफुलका बोक्रा	सिसा मेटल	मान्छेको कपाल	पन्जा ,माक्स	हेभी मेटल मर्करी
पात पतिगर झारपात	जुत्ता चप्पल पुरानो कपडा		काटिएका शरिरका अंग र रगत	रंग केमिकल फर्टीलाइजर
धुलो कंसिगर				

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत :.....

अनुसूची-३

पुतलीबजारनगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सरसफाईसुल्क नगदी रसिद

रसिद नम्बर ..... मिति.....

नाम .....थर/ वडा नम्बर .....

घर नम्बर..... टोलको नाम

क्रस.	विवरण	शुल्क/दर मासिक	कैफियत
१	साधारण आवासिय घर	५०-	
२	रेष्टुरेन्ट/ होटल	१००-	
३	बेड सहितका लज/ लहोट	२००-	
४	किनारा पसल	१००-	
५	होलसेल तथा ठुला तरकारी तथा फलफुल	२००-	
६	डिपार्टमेन्टल स्टोर तथा थोक बिक्रेता	२००-	
७	फेन्सी पसल तथा कपडा पसल	१००-	
८	निजी बिद्यालय तथा कलेज	२००-	
९	पुस्तक पसल	१००-	
१०	औषधी पसल	१००-	
११	औषधी पसल तथा किलिनिक	२००-	
१२	बिस्कुट ,पाउरोटी उद्योग	१००-	
१३	छापाखाना तथा प्रिन्टीङ्ग	१००-	
१४	कृषि सामाग्री पसल	५०-	
१५	फोटो स्टुडियो	५०-	
१६	ईलेक्ट्रोनिक्स तथा ईलेक्ट्रीक पसल	१००-	
१७	मासु पसल समान्य	१००-	
१८	मासु पसल ठुलो	२००-	
१९	चियापसल तथा खाजाघर	७०-	
२०	बर्कशप सबारी साधन मर्मत केन्द	२००-	
२१	साना तरकारी पसल	१००-	
२२	सुनचाँदी पसल	१००-	
२३	पान पसल	५०-	
२४	फर्निचर पसल		
२५	स्टेशनरी पसल	७०-	
२६	कपडा सिलाउने पसल	५०-	
२७	बिकास बैङ्क	१००-	
२८	सहकारीसस्था	५०-	
२९	जुत्तापसल	५०-	
३०	भाँडापसल	५०-	
३१	कपाल काटने पसल	५०-	
३२	हार्डवियर पसल	२००-	
३३	ब्युटीपार्लर पसल	५०-	
३४	भेटरिनरी पसल		
३५	अन्य		
	जम्मा अंकमा		

अक्षेरुपि .....

बुझिलिनेको नाम .....

सही .....

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

पुतलीबजार नगरपालिका कार्यालय

नगर कार्यपालिकाको कार्यालय

स्याङ्गजा

गण्डकीप्रदेश नेपाल

फोटो

सरसफाई शुल्क कार्ड

घर धनीको नामथर:.....-

ठेगाना: -पुतलीवजारनगरपालिका वडा नं.....- टोल:.....-

व्यवसायको किसिम:.....-

सम्पर्क नम्बर:.....-

प्रमाणित गर्नेको

दस्तखत

"समृद्ध पुतलीबजार सुखी नगरवासी"

आर्थिक वर्ष:२०७७।२०७८

महिना	मिति	रसिद नम्बर	सरसफाई शुल्क	बुझाउनेको दस्तखत	बुझिलिनेको दस्तखत	कैफियत
श्रावण						
भाद्र						
आश्विन						
कार्तिक						
मंसिर						
पौष						
माघ						
फागुन						
चैत्र						
वैशाख						
जेष्ठ						
आषाढ						

आर्थिक वर्ष:२०७६।२०७७

महिना	मिति	रसिद नम्बर	सरसफाई शुल्क	बुझाउनेको दस्तखत	बुझिलिनेको दस्तखत	कैफियत
श्रावण						
भाद्र						
आश्विन						
कार्तिक						
मंसिर						
पौष						
माघ						
फागुन						
चैत्र						
वैशाख						
जेष्ठ						
आषाढ						

पुतलीबजार नगरबासीहरुको रहर सभ्य, सफा, स्वच्छ हराभरा, सुन्तलाको शहर

आर्थिक वर्ष:२०७८।२०७९

महिना	मिति	रसिद नम्बर	सरसफाई शुल्क	बुझाउनेको दस्तखत	बुझिलिनेको दस्तखत	कैफियत
श्रावण						
भाद्र						
आश्विन						
कार्तिक						
मंसिर						
पौष						
माघ						
फागुन						
चैत्र						
वैशाख						
जेष्ठ						
आषाढ						

पुतलीबजार नगरपालिका

फोहोर संकलन कार्यलतालिका

फोहर संकलन गर्ने बार	फोहर संकलन गर्ने साधन			
	ट्रयाक्टर		ट्रीपर	
	कुहिने फोहर	नकुहिने फोहर	कुहिने फोहर	नकुहिने फोहर
आईतवार		स्याङ्जा बजार		स्याङ्जा बजार
सोमवार		बाडखोला , गोदगोदे ,अस्पताल र पुतलिखेत		बाडखोला, लत्रेपिपल
मंगलवार	सबै स्थान	स्याङ्जा बजार	सबै स्थान	स्याङ्जा बजार
बुधवार		राङ्खोला , हेलू		नागडाडा
बिहिवार	सबै स्थान	न पा चोक , भन्ज्याङ्ग , नागस्थान र ज्योति बोर्डिंग मार्ग	सबै स्थान	घुम्ती वीरेन्द्रनगर र हेलू
शुक्रवार		स्याङ्जा बजार		स्याङ्जा बजार
शनिवार		लाम्पाटा बजार		लामागे

नोट : फोहोर मैलाको मात्रा तथा मौसम रअन्य पक्षलाई विचार गरी उल्लेखित कार्यतालिकामा आवश्यकता अनुसार हेरफेर हुनेछ ।

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....

श्री पुतलीबजार नगरपालिका

सरसफाई शुल्क प्राप्तीको अभिलेख खाता

आर्थिक वर्ष

क्रम	घर धनिको नाम	ठेगाना	व्यवसायको किसिम	मो.न.	श्रावण	भाद्र	असोज	कार्तिक	मसीर	पुस	माघ	फागुन	चैत्र	वैशाख	जेष्ठ	असार	जम्मा
कुल जम्मा																	

प्रमाणित गर्ने :

नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री दस्तखत : .....